का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ चैत २०७८,

बुधबार

16 March 2022,

Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३९ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

संसद समीक्षा

## न चल्यो, न रोकियो



"समग्रमा हेर्दा संघीय संसदको दशौं अधिवेशन न चल्यो न रोकियो । बरु, जनसरोकारको विषय ओझेलमा पर्‍यो ।

**जीवनराम श्रेष्ठ**
**प्रमुख सचेतक, एकीकृत समाजवादी**



"'सरकारले विपक्षीलाई साथमा लिएर सदन चलाउनुपर्छ । तर, सरकार र सभामुख पूर्णतः असफल भएको देखिन्छ ।'

**शान्ता चौधरी**
**सचेतक, नेकपा एमाले**



"लोकतन्त्रमा प्रमुख विपक्षी जति जिम्मेवार हुन्छ, त्यसले लोकतन्त्र सुदृढ हुन्छ । तर, दशौं अधिवेशन अन्त्य हुँदै गर्दा भन्न सकिन्छ- एमालेको अलोकतान्त्रिक चरित्र थप उदाङ्गियो ।

**पुष्पा भुसाल**
**सचेतक, नेपाली कांग्रेस**



संघीय संसदको दशौं अधिवेशन मंगलबारबाट अन्त्य भएको छ । तर, अधिवेशन अधिवेशन जस्तो रहेन । किनभने एमालेले निरन्तर संसद बैठक रोक्ने प्रयास गर्‍यो, यसैका लागि निरन्तर अवरोध गर्‍यो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ चैत ।

संघीय संसदको चालु अधिवेशन मंगलबार राति १२ बजेबाट अन्त्य भएको छ । २८ मंसिर २०७८ देखि १ चैत २०७८ सम्म चलेको अधिवेशनमा न सरकारले चाहेजसरी काम गर्न सक्यो, न प्रमुख विपक्षी नेकपा एमालेले रोक्न सक्यो । संसद् चल्न नदिने एमाले रणनीति र पेलेरै अघि बढ्ने सरकारको नीतिको मारमा संसद् पर्‍यो । नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक जीवनराम श्रेष्ठ परिणाममा जनसरोकारको विषयमा छलफल नै हुन नपाएको बताउँछन् ।

श्रेष्ठ भन्छन् 'अधिवेशन अवधिभर पुरै एमाले सर्वोच्च अदालतका बिचाराधीन विषयलाई लिएर नाराबाजी गर्‍यो । सरकारले पनि अत्यावश्यक कामहरु रोकेनन् । बजेट पारित गर्‍यो, एमसीसी पारित गर्‍यो ।' प्रमुख सचेतक श्रेष्ठ थप्छन्, 'समग्रमा हेर्दा संघीय संसदको दशौं अधिवेशन न चल्यो, न रोकियो । बरु जनसरोकारको विषय ओझेलमा पर्‍यो ।'

२३ भदौ २०७८ देखि नै एमालेले पार्टीले कारबाही गरेका १४ जना सांसदलाई सांसद पदबाट पदमुक्त गर्नुपर्ने माग राखेर संसदमा अवरोध गर्दै आएको छ । तर, यो विषय सर्वोच्च अदालतमा पनि बिचाराधीन छ । १ भदौमा एमालेले माधव नेपालसहित १४ जना – बाँकी पृष्ठ २ मा

## जसपामा नयाँ गुट


**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १ चैत ।

अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे बढेको विवादकै कारण फुट नजिक पुगेर रोकिएको जनता समाजवादी पार्टी (जसपा) मा नयाँ समूह देखिएको छ । उपेन्द्र यादव, अशोक राई र डा.बाबुराम भट्टराई नेतृत्वको पार्टी मिलेर बनेको जसपामा महेन्द्र राय यादवको नयाँ समूह देखिएको हो ।

गएको २ भदौमा जसपा फुटेर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बनेपछि विकसित राजनीतिक समीकरणका कारण नयाँ समूह जन्मिएको हो । महिन्द्र राय यादव तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) पृष्ठभूमिका नेता हुन् । ११ वैशाख २०७७ मा राजपा र तत्कालीन समाजवादी पार्टी बीच एकता भएको थियो ।

तर प्रतिनिधिसभा विघटन गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्व सरकारको निर्णयकै कारण जसपाभित्र दुई समूह देखियो । त्यस मध्ये महन्थ ठाकुर र राजेन्द्र महतोहरु अलग भर लोसपा बनाउँदा महिन्द्र राय यादव जसपामै बसेका थिए ।

तीन गुटले मात्रै मन्त्रालय, पार्टी नेतृत्व, जिम्मेवारी बाँडफाँड र भागबण्डाको विषयमा निर्णय लिन थालेपछि अर्को गुटको सतहमा देखिनु पुगेको एक नेताले बताए । 'हरेक भागवण्डामा तीन स्टेक होल्डर मात्रै देखियो, हामी पनि राजपाबाट समाहित भएर आएकाले आफ्नो भागखोजेका हौं', ती नेता भन्छन् ।



उपेन्द्र यादव, डा.बाबुराम भट्टराई र अशोक राई मिलेर पार्टी अगाडि बढाउनेगरी हाइकमाण्ड बनेपछि तत्कालीन राजपाबाट आएका महिन्द्र राय यादव पक्षधर नेताहरु रुष्ट बनेका छन् । एक नेता भन्छन्- एक सिट मात्रै भएको डा. भट्टराईले समान हिस्सा पाउने, तर ७ सांसद रहेको समूहले हिस्सा नपाउने हुन सक्दैन ।

एक सिट मात्रै भएको संघीय परिषद् अध्यक्ष डा. भट्टराईले समान हिस्सा पाउने, तर ७ सांसद रहेको आफ्नो समूहले हिस्सा नपाउने भन्दै संगठित हुन बाध्य भएको जानकारी दिए ।

भर्खरै सम्पन्न केन्द्रीय समिति बैठकले उपेन्द्र यादव, अशोक राई र बाबुराम भट्टराई सहितको तीन सदस्यीय हाइ कमाण्ड गठन गरेपछि यादव पक्षधर रुष्ट बनेका हुन् । तसर्थ पनि उनीहरुले छुट्टै गुट चलाएर पार्टीलाई दबाव दिने प्रयास गरेको बुझिएको छ ।

तीन सदस्यीय 'हाई कमाण्ड' गठन गरेपछि आफुहरुको अस्तित्वलाई स्वीकार नगरिएको निष्कर्ष निकाल्दै महेन्द्र गुटले पार्टीभित्र आफ्नो अलग्गै गुट चलाउने निर्णमा पुगेको बुझिएको हो । उक्त गुटले आगामी स्थानीय, प्रदेश र संघीय निर्वाचनमा उम्मेदवारहरुको भागबण्डा, पार्टी समायोजनमा आफ्ना पक्षधरको दाबी र अन्य विषयमा पनि पार्टी नेतृत्वलाई दबाव दिने तयारी गरेको छ ।

महेन्द्र यादवको नेतृत्व रहेको उक्त गुटमा राजकिशोर यादव, शेखर सिंह यादव, रामनरेश राययादव, मनिष सुमन, प्रमोद साह, लगायत महन्थ-राजेन्द्र गुट छोडेर जसपा रोजेका सांसद र नेता छन् । जसपाको केन्द्रीय कार्यकारिणीको ३३ मध्ये १० जना र संघीय संसदको १९ मध्ये सात जना रहेको पनि ती नेताले जानकारी दिए । पार्टीको केन्द्रीय कार्यसमितिमा आफ्नो पक्षमा १ सय ३० जना सदस्य रहेको उनीहरुको दाबी छ । – बाँकी पृष्ठ २ मा

## सचिव संख्या ५० मा झार्ने प्रस्ताव

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १ चैत ।

हाल नेपाल सरकारको सचिव संख्या दरबन्दी ७२ छ । यसलाई घटाएर ५० मा झार्ने प्रस्ताव आएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव लक्ष्मण अर्यालको संयोजकत्वमा गठित समितिले यस्तो प्रस्ताव ल्याएको हो ।

सचिवको संख्या निर्धारण गर्न गत माघ १० गते गठित अर्याल संयोजकत्वको समितिले ५० जना सचिव भए नेपाल सरकारलाई पुग्ने निचोड निकालेको हो । सोही अनुसार प्रस्तावित मस्यौदा तयार भएको छ । मस्यौदा नेपाल सरकारले बुझेर कार्यान्वयनमा लगेको खण्डमा नेपाल सरकारको सचिवको संख्या ५० मा झर्नेछ ।

हाल कुनै मन्त्रालयमा दुई जनाका दरले सचिवको दरबन्दी छ । यस्तो राख्नुको कुनै औचित्य नरहेको समितिको ठहर छ । अहिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सात जना सचिव छन् । उद्योग, उर्जा, कृषि, शिक्षा र स्वास्थ्य गरी पाँच मन्त्रालयमा दुई/दुई जना सचिव छन् ।

यस्तै, केही आयोगहरुमा समेत सचिवको दरबन्दी दुई/दुई जना रहेका छन् । त्यसलाई घटाउनुपर्ने समितिको प्रस्ताव छ । यसैगरी, सार्वजनिक खरीद अनुगमन कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल ट्रष्टको कार्यालय लगायत सचिवहरुको दरबन्दी भएका केही कार्यालयमा समेत सचिवको पद कटौती गर्ने समितिको प्रस्ताव छ ।

### प्रगतिशील मञ्चमा सहमति जुटाउन भगिरथ प्रयास

## अध्यक्षको उम्मेद्वारी नदिएर गल्ती गरेछु : कुमार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ चैत

नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालमा सहमतिको आधारमा कार्यसमितिको निर्वाचन गर्न उम्मेद्वारहरूबीच सहमतिको प्रयास भइरहेको छ । सोमबार अधिवेशनको बन्दशत्र अन्तर्गत प्रतिवेदनहरू पारित भएपछि नेतृत्व छनोटको विषय पेचिलो बनेको बताइएको छ ।

मंगलबार एक बजेसम्मका लागि स्थगन भएको भनिएको साधारणसभा सहमतिको प्रयासमा दिनभर अध्यक्षमण्डलले छलफल गरेपछि अध्यक्षका सबै उम्मेद्वार हरूले आफ्नो पक्षमा सहमति हुनुपर्ने अडान राखेपछि निर्वाचन समितिले सहमतिको आधारमा हुने निर्वाचनको लागि जानकारी गराउने भन्दै अध्यक्ष मण्डलको छलफल टुंगिएको थियो ।

नेतृत्वमा सहमति जुटाउन, संस्थापक अध्यक्ष सरोज पोखरेल, पूर्व अध्यक्ष नरेश गेलाल, चित्र गुप्त साँवा लिम्बू, निर्वाचन समितिका संयोजक रहेका पूर्व अध्यक्ष टंक राउत, उपाध्यक्ष सुवर्ण श्रेष्ठ, सल्लाहकार रघु पुरी रहेको अध्यक्ष मण्डलले अध्यक्षका प्रत्यासीहरूसँग एकल र सामुहिकरूपमा संगठन सञ्चालनको योजना, पार्टी संगठनमा रहेको वरिष्ठता जस्ता विषयमा धारणा माग्दै सहमतिमा जान आग्रह गरेको बताइएको छ ।

मञ्चको अधिवेशनले दुई वर्षे कार्यकालका लागि ३५ सदस्यीय कार्यसमितिको निर्वाचन गर्नेछ । अध्यक्षका लागि कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारी, पूर्व अध्यक्षहरू हरि बहादुर पाण्डे क्षेत्री र पूर्व उपाध्यक्ष रोहन गुरूङ र भीष्म राज शर्मा शिवाकोटीले उम्मेद्वारी दिएका छन् । त्यसमध्ये नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अध्यक्ष भइसकेका गुरूङले आफू सहमतिको अध्यक्ष बन्न उम्मेद्वार बनेको तर निर्वाचन भएको खण्डमा उम्मेद्वारीबारे पुनर्विचार गर्नसक्ने संकेत दिएको बताइएको छ । तर पाण्डे, शिवाकोटी र भण्डारीले आफ्नो पक्षमा सहमति हुनुपर्ने अडान राखेको बताइएको छ ।


पाँच उपाध्यक्षमा जनक रावल, तेजमाया लिम्बू, राम कुमार राई, देउमान नेम्वाङ, सरिता घले, सञ्जु गुरूङ, डिक बहादुर खत्री र सोम बहादुर तामाङ गरी ८ जनाको उम्मेद्वारी परेको छ । एक महासचिवमा दलवीर भण्डारी र श्याम कुमार खरेल, दुई उपमहासचिवमा मिलन कट्टेल, दण्डपाणि भट्टराई ( दिलिप ) र होम प्रसाद तिमिल्सिनाको उम्मेद्वारी परेको छ ।

त्यसैगरी ७ जना सचिवमा मदन पौडेल, सुशील केसी, हरि बहादुर ठाडा मगर, अमृत बिश्वकर्मा, बेनी बहादुर कार्की, धनमाया सिंजाली र राजेन्द्र – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### ताहाचलमा मलेसियाबाट आएका डिमाण्डको चाङ

काठमाडौं/मस- नेपाली कामदारको प्रमुख श्रम गन्तव्य मुलुक मलेसियाको रोजगारी खुला भएपछि वैदेशिक रोजगार क्षेत्रमा चहलपहल बढेको छ । कोरोना महामारीका कारण मलेसिया रोजगारी २०२० मार्चदेखि बन्द रहेको थियो । आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले वैदेशिक रोजगार ऐन २०६४ तथा नेपाल-मलेसियाबीच यसअघि भएको श्रम सम्झौता अनुकुल हुने गरी नेपाली कुटनीतिक नियोगबाट प्रमाणीकरण भई आएको मागपत्रलाई श्रम स्वीकृति दिने मन्त्रीस्तरीय निर्णय गरेका थिए । – बाँकी पृष्ठ २ मा



## संसद ...

सांसदलाई कारबाही गरेको थियो । २ भदौमा माधव नेपाल आफ्नै नेतृत्वमा नयाँ पार्टी गठनमा लागि निर्वाचन आयोग गए ।

आयोगले ९ भदौमा नेपाल नेतृत्वको पार्टी (नेकपा एकीकृत समाजवादी)लाई मान्यता दियो । तर, यो बीचमा सभामुखले माधव नेपालसहित सांसदहरु कारबाहीमा परेको सुचना टाँसेनन् । माधव नेपाल नेतृत्वमा नयाँ पार्टी दर्ता भइसकेपछि १३ भदौमा सभामुखले एमालेको पत्रबारे केही गर्नुनपर्ने निर्णय दिए । तर, एमाले सभामुखले समयमै सूचना नटाँसेको भनेर सर्वोच्च अदालतमा मुद्दा दियो । र, एमालेले संसदमा पनि अवरोधको नीति लियो ।

सभामुखले पटक-पटक सर्वोच्चमा बिचाराधीन विषयमा संसदमा छलफल हुन नसक्ने संवैधानिक दायरा देखाएर अवरोध खोलन आग्रह गरे । तर, एमालेले सभामुखको आग्रह सुनेन । बरु, सभामुखकै राजीनामा माग्यो । तर माग सम्बोधन नहुँदा एमालेले संसदमा १८७ दिनसम्म निरन्तर अवरोध गऱ्यो । तर, एमाले संसद अवरोध आफुहरुको बाध्यता भएको बताउने गरेको छ । उल्टै सरकारले विपक्षीलाई साथमा लिएर संसद चलाउन नसकेको पुष्टि भएको बताउँछिन्, एमाले सचेतक शान्ता चौधरी ।

'सरकारले विपक्षीलाई साथमा लिएर सदन चलाउनुपर्छ । तर, सरकार र सभामुख पूर्णत असफल भएको देखिन्छ । सफल हुन विपक्षीका कुरा सुनेर सदन चलाउन सक्नुपर्दथ्यो' उनले भनिन् । तर, कांग्रेसकी सचेतक पुष्पा भुसाल एमालेको अलोकतान्त्रिक चरित्र उदागिंएको बताउँछिन् । 'लोकतन्त्रमा प्रमुख विपक्षी जति जिम्मेवार हुन्छ, त्यस लोकतन्त्र सुदृढ हुन्छ । तर, दशौं अधिवेशन अधिवेशन अन्त्य हुँदै गर्दा भन्न सकिन्छ एमालेको अलोकतान्त्रिक चरित्र थप उदागियो ।'

उपलब्धीः एमसीसी अनुमोदन

दशौं अधिवेशनको मुख्य उपलब्धी अमरिकी सहयोग सम्बन्धी परियोजना एमसीसी अनुमोदन गर्नु हो । संसदमा लामो समयदेखि अड्किएको एमसीसीलाई नेपालको तर्फबाट ब्याख्यात्मक घोषणा पारित गरेर संसदले एमसीसी पास गरेको हो । योसँगै करिब ५० अर्ब बराबरको परियोजना नेपालले पाएको अनुदान कार्यान्वयनमा अगाडि बढेको छ । यसको अलावा प्रतिनिधिसभामा प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा विरुद्धको महाअभियोग प्रस्ताव पनि दर्ता भएको छ ।

महाअभियोग प्रस्तावमाथि प्रक्रिया अगाडि बढाउन प्रतिनिधिसभाले महाअभियोग सिफारिस समिति गठन गरेको छ । तर, सिफारिस समितिमा चोलेन्द्रविरुद्धको महाअभियोग प्रस्ताव पुगिसकेको छैन् । चैत २ गतेका लागि जबराविरुद्धको महाअभियोग माथिको सामान्य छलफल गरेर स्फािरिस समितिमा पठाउने तयारी थियो । तर, सरकारले चैत १ गते नै संघीय संसदको अधिवेशन नै अन्त्य गरिदिएको छ ।

## जसपामा....

अब, चार गुटमा उपेन्द्र यादव, वरिष्ठ नेता अशोक राई र संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई यादव रहनेछन् ।

## प्रगतिशील...

अधिकारीको उम्मेद्वारी परेको छ । एक कोषाध्यक्षमा शिवहरी मैनालीको उम्मेद्वारी परेको छ ।

२५ सदस्यमा जनक पौडेल, हरि डागी, आङछिरिङ शेर्पा, भीष्म प्रसाद शिवाकोटी, खेमनाथ गौतम, माधवप्रसाद भुर्तेल, दिपक आचार्य, उमेश महतो, सुर्य बहादुर डाँगी, विनोद बिष्ट, मोहन प्रसाद आचार्य, श्यामचन्द्र खतिवडा र रेशम लामिछानेको उम्मेद्वारी परेको निर्वाचन समितिले जनाएको छ । अध्यक्षमा सहमति नभएकाले अरु पदहरूमा गम्भीररूपमा छलफल नभएको बताइएको छ ।

मैले अध्यक्षको उम्मेद्वारी नदिएर गल्ती गरेछु : कुमार

मञ्चका निवर्तमान महासचिव तथा आगामी कार्यकालका लागि उपाध्यक्षको उम्मेद्वारी दिएका डिक बहादुर खत्री (कुमार)ले आफुले मञ्चको अध्यक्षको उम्मेद्वारी नदिएर गल्ती गरेको बताएका छन् मध्यान्हसँग मंगलबार साँझ संक्षिप्त कुराकानी गर्दै कुमारले यस्तो बताएका हुन् ।

उनले मञ्चमा सदस्यदेखि कोषाध्यक्ष र करिब साढे चार वर्ष महासचिव भएर व्यवसायीका हरेक समस्यामा अग्रिम मोर्चामा रहेर काम गरेको बताउँदै मञ्चको आन्तरिक सांगठनिक संरचना र कार्यालय व्यवस्थापनमासमेत अहोरात्र काम गरेको बताए । 'मञ्चका अधिकांश साथीहरुले मलाई अध्यक्षको उम्मेद्वार बन्न सल्लाह पनि दिएका थिए,' उनले भने, 'उल्लेखित पृष्ठभूमिमा मैले अध्यक्षको उम्मेद्वारी नदिएर गल्ती गरेछु ।'

## ताहाचलमा....

उक्त निर्णयपछि वैदेशिक रोजगार कार्यालयले मलेसियाबाट प्रमाणीकरण भएर आएका मागपत्रमा मंगलवारदेखि पूर्व स्वीकृति दिन शुरू गरेको छ । दुई वर्षदेखि बन्द रहेको मलेसियाको श्रम स्वीकृति खुलेपछि खाडीका विभिन्न मुलुकमा रोजगारीमा गएका कामदार अब मलेसिया कसरी जान सकिन्छ भनी सोधखोज गर्न थालेका छन् । नेपालसँग हावापानी मिल्दोजुल्दो रहेको, तलब पनि हाल न्यूनतम १२ सय रिंगिट रहेको र निकट भविष्यमा तलब बढ्नसक्ने सम्भावनाले मलेसियाको रोजगारीमा आकर्षण बढेको हो । मलेसियाको आकर्षणका कारण खाडी मुलुकमा रोजगारीमा जाने कामदारको पासपोर्ट पाउन छोडिएको एक व्यवसायीले मध्यान्हलाई बताए ।

काठमाडौंको चन्द्र कामना म्यानपावर प्रालिले ल्याएको डिमाण्डमा पूर्व स्वीकृति भएको सञ्चालक राजेश यादवले जानकारी दिए । ताहाचलस्थित वैदेशिक रोजगार कार्यालयले मलेसियाबाट करिब चार दर्जन कम्पनीको डिमाण्ड पूर्व स्वीकृतिको प्रक्रियामा रहेको बताएको छ । मलेसियाबाट सुरक्षागार्ड, उत्पादन तथा प्रशोधनलगायतको क्षेत्रबाट नेपाली कामदारका लागि डिमाण्ड आउन शुरू भएको बताइएको छ ।


**साउदीमा रोजगारको अवसर** | १. कम्पनी : AL-HERQEL EST FOR CONTRACTING शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१२/०१ चलानी नं.: ६०१७५९९८ LT. No.: 259518

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 24 | 0 | स. काममा दक्ष | 1000 | ३२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Raya Upper Gulf United Operation and Maintenance शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/१२/०१ चलानी नं.: ६०१७५९९७ LT. No.: 259648

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 30 | 0 | स. काममा दक्ष | 1000 | ३२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ९ गते (23 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कान्तिपुर मेनपावर सर्भिस प्रा. लि.**

श्रम इजाजत नं. ५२३/०६१/०६२

पो.ब.नं.: ९०३३, सामाखुसी-२९, काठमाडौं, फोन नं.: ०१-४३८८८६६, ४३८८८०८, ४३६४३३८, ४३५७६३१, फ्याक्सः ४३८१११७ मो. ९८५१२८४४५३, ९८४३८८१४८९, डाईरेक्ट नं. ४३८५४९९

Email: info@kantipurmanpower.com, website: www.kantipurmanpower.com


**Malika Rural Municipality**
**Arkhawang, Gulmi**

**Invitation for Re-Bids**

*Date of first publication: 23-February, 2022, Date of Second publication: 16-March, 2022*

1. Malika Rural Municipality, Arkhawang, Gulmi invites electronic bids from eligible bidders for the procurement of works and goods as specified below under.
2. A complete set of Bidding Documents may be purchased from the office Malika Rural Municipality Arkhawang, Gulmi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified below till the respective dates. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
   **Information to deposit the cost of Bidding Document in Bank:**
   **Name of the Office:** Malika Rural Municipality, Arkhawang, Gulmi:
   **Name of Bank:** Bank of Kathmandu Ltd. (Branch of malika Gulmi)
   **Office Account no: 018400000051524**(Sthaniya taha sanchitkosh khata malika ga pa)
3. Bids must be submitted to the office before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at **respective date and time** at the office of Malika Rural Municipality, Arkhawang, Gulmi
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (Sthaniya taha dharauti khata (malika ga pa), A/CNo.:*018400000054524*) on behalf of Malika Rural Municipality, Arkhawang, Gulmi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. If any confusion contact on 9867386052, 9857067906 within office time. The name, identification number and other details of the contracts are as follows:

| S N | Contract Name | Identification No. | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|
| 1 | Procurement of Machine made Gabion Boxes for Office of Malika Rural Municipality | OMRM- GUL-G-SQ-30- 078/079 | 1000.00 | 26,000.00 | 01/04/2022 12:00 | 01/04/2022 13:00 | Online |
| 2 | Procurement of HDPE Pipes for Malika Rural Municipality | OMRM- GUL-G-SQ-31- 078/079 | 1000.00 | 44,000.00 | 01/04/2022 12:00 | 01/04/2022 13:00 | Online |

**Chief Administrative**

**पर्सा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पर्सा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**अपाङ्गता कार्ड वितरण सम्बन्धि सुचना ।**

उपरोक्त सम्बन्धमा यस गाउँपालिका अन्तर्गतका वडा नं. १ देखि ६ सम्मका समपुर्ण अपाङ्गता भएका व्यक्तिहरुले तपसिलका कागजात सहित यस गाँउपालिकाको महिला तथा बालबालिका शाखामा अपाङ्गता परिचय पत्र लिनको लागी प्रत्येक महिनाको २८ गतेको दिन सम्पुर्ण लाभग्राहीलाई सम्पर्क गर्न यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. अनुसुचि १ फार्म
२. नागरिता प्रमाण पत्र/जन्म दर्ता प्रमाण पत्र
३. वडाको सिफारिस
४. मेडिकल रिर्पोट
५. संरक्षकको नागरिता प्रमाण पत्र
६. फोटो-४ थान

**प्रमुख प्रशासकीय अधिकृत**


**साउदीमा रोजगार** | १. कम्पनी: BRANCH OF SAUDI ALLIANCE FOR REAL ESTATE DEVELOPMENT शहर: KSA

पूर्व स्वीकृत मितिः २०७८/११/१५ चलानी नं.: ६०१७५१५८ LT. No.: 258586 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricity Technician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५८,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanical TechnicianLabour | 2 | 0 | | 2000 | ६५,१४० | | | | | | | |
| 3. | Labor | 6 | 0 | | 1000 | ३२,५७० | | | | | | | |
| 4. | Whole Vehicle Driver | 1 | 0 | | 2500 | ८१,४२५ | | | | | | | |
| 5. | Truck Driver | 2 | 0 | | 1800 | ५८,६२६ | | | | | | | |

२. कम्पनी: KHIDMATI AL ARABIA LIMITED CO शहर:RIYADH

पूर्व स्वीकृत मितिः२०७८/०६/११ चलानी नं.: ६०१६३९९७ LT. No.:246777 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | NORMAL FACTOR | 50 | 0 | स. काममा दक्ष | 1000 | ३२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत ९ गते (23 March 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं १ नि:शुल्क क.नं. २ रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Blaze Associates Pvt. Ltd.**

Gov. Lic No. 1447/074/075

Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

**Malaysia मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी : POLYCORE OPTICAL(MALAYSIA) SDN BHD शहर : SENAI

पूर्व स्वीकृत मितिः २०७८/१२/०१ चलानी नं.: ६०१७५९८२ LT. No.: 258869

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacture Operator | 19 | 40 | स. काममा दक्ष | 1200 | ३४,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : METTUBE SDN BHD शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७८/१२/०१ चलानी नं.: ६०१७५९८७ LT. No.: 259366

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 43 | 0 | स. काममा दक्ष | 1200 | ३४,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत ९ गते (23 March 2022) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DITYA INTERNATIONAL PVT. LTD.**

श्रम ई. पत्र नं.: ११७१/०७३/०७४

Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260, 9823729649, 9808763291
E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com


**Sundarharaincha Municipality**
**Office of Municipal Executive**
**Biratchowk, Morang, Province No. 1, Nepal**

**Invitation for Bids**

*Second Date of publication: 2078/12/02*

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement of following goods under following bidding procedures specified in Public Procurement Act and Regulations. The estimated amount is stated below.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of *Sundarharaincha Municipality, Biratchowk, Morang,* Province No. 1, Nepal.
3. Bidding documents is available on Municipality Office. Interested bidders should deposit the cost of bidding document as stated in table below in the following bank and should submit the deposit receipt on the document. Bid Document should be purchased on or before office time on 2078/12/16.
   Name of the Bank : Agricultural Development Bank
   Name of the Office : Sundarharaincha Municipality
   Office Account No. : 0601501147630146
4. Interested Bidders shall submit the Bids at office of Sundarharaincha Municipality on or before as stated in table below.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 01:00 PM as stated date below in table at the office of Sundarharaincha Municipality, Biratchowk, Morang. Bids must be valid for a period of 45 days and must be accompanied by bid security, amounting to a minimum of as stated in table below, which shall be valid for minimum 30 days beyond the bid validity period. For Cash Deposit Bank details:
   Name of the Bank : Agricultural Development Bank
   Name of the Office : Sundarharaincha Municipality
   Office Account No. : 0601501147630030
6. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline. VAT will be applicable on vatable items only.
7. Any change or amendment on notice or bid document will be published on office website: www.sundarharaichamun.gov.np or office notice board.
8. The Purchaser reserves right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry contact: 9852066111, 9852041895, 9842481970.

| S. N. | Contract ID | Description of Task | Estimated Amount (without VAT) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SHM/MOR/SQ/G-33/2078/079 | Supply & Delivery of Paddy Seed (Biu) | 1209800.00 | 1000 | 34500 | 2078-12-17 12:00PM | 2078-12-17 01:00 PM | SQ |
| 2 | SHM/MOR/SQ/G-35/2078/079 | Supply & Delivery of Electric Motor Boring | 1251209.45 | 1000 | 36000 | 2078-12-17 12:00PM | 2078-12-17 01:00PM | SQ |

***Chief Administrative Officer***

# इमान्दार भएर जनताको काम गर्न कर्मचारीलाई मन्त्री श्रेष्ठको निर्देशन



**काठमाडौं/मस**–भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारणमन्त्री शशी श्रेष्ठले इमान्दार भएर जनताको काम गर्न स्थानीय तहका जनप्रतिनिधि र मातहतका कर्मचारीलाई निर्देशन दिएकी छन्।

कीर्तिपुर नगरपालिका-५ पागामा स्थानीयलाई गाउँ ब्लकको जग्गाधनी दर्ता प्रमाणपत्र प्रदान गर्दै उहाँले राज्यबाट प्रदान गरिएको सुविधा प्राप्त गर्न नसकेका तथा दुःखमा परेका जनतालाई राहत प्रदान गर्ने कार्यमा अगुवाइ गर्न स्थानीय तहका पदाधिकारीलाई सुझाव दिइन्।

'भाषण गर्दैमा, निर्णयका ठेली लेख्दैमा जनताका समस्या समाधान हुन्नन्, विगतमा जनप्रतिनिधिबाट आवश्यक पहल भएको देखिएन, त्यसैले पागाबासीले पूर्जा प्राप्त गर्न गणतन्त्र आउन पर्‍यो। लालपूर्जाको अभावमा राष्ट्रियताविहीन र मौलिक अधिकार उपभोग गर्नबाट अझै केही नेपाली बञ्चित हुन परेको अवस्था छ, अब त्यो छिट्टै अन्त्य गरिनेछ' उनले भनिन्।

जनताले बनाएको मन्दिरमा गजुर लगाउन मात्र होइन, जग खन्ने कार्यमै संलग्न हुन जनप्रतिनिधिलाई सुझाव दिँदै उनले जनतालाई परिवर्तनको बोध अनुभूति हुने गरी विकास निर्माण र सेवा सुविधा प्रदान गर्ने कार्यमा लाग्न आग्रह गरिन्।

सो क्षेत्रबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सांसद राजेन्द्र केसीले पिता पुर्खाबाट जग्गाको हक हस्तान्तरण भए पनि लालपुर्जा नहुँदा खेप्न परेका यावत समस्या पुर्जा प्राप्त भएसँगै समाप्त भएको बताए। प्रदेशसभा सदस्य पुकार महर्जनले पुर्जाका अभावमा घर बनाउँदा नक्सा पास, ऋण लिन धितो, हक हस्तान्तरण गर्न समस्या झेल्दै आएका स्थानीयवासीलाई लालपुर्जा प्राप्त भएसँगै ती कार्य गर्न सजिलो भएको धारणा व्यक्त गरे।

सोही मन्त्रालयका सचिव रामप्रसाद थपलियाले सेवाग्राहीलाई सहज र सरल ढंगबाट सेवा उपलब्ध गराउन तथा गाउँ ब्लक जग्गाधनी प्रमाणपुर्जा वितरण कार्यलाई मन्त्रालय र मातहतका निकायले प्राथमिकतामा राखेर काम गर्ने विश्वास व्यक्त गरे। कीर्तिपुर नगरपालिका प्रमुख रमेश महर्जनले नगरपालिकाका विभिन्न वडाका करिब २०० घर परिवारले गाउँ ब्लक जग्गाधनी दर्ता प्रमाणपत्र नपाइरहेको तथ्यांक प्रस्तुत गरे। वडाध्यक्ष राजेन्द्र महर्जनले रोकिएको जग्गाधनी र मोहीसम्बन्धी जग्गा बाँडफाँट र कित्ताकाट खुलाउन मन्त्रीसँग आग्रह गरे।

नापी विभागका महानिर्देशक प्रकाश जोशीले विसं २०२१ देखि रोकिएको गाँउ ब्लक नक्सासम्बन्धी समस्या सम्बोधन गर्ने सिलसिलामा जनमुखी कार्य गर्न पाएकामा विभागले गौरव महसुस गरेको प्रतिक्रिया दिए।

सो अवसरमा ३२ परिवारलाई लालपूर्जा प्रदान गरियो। मन्त्रालयले गत कात्तिक १४ गतेयता महोत्तरी, सप्तरी, सिरहा, धनुषा, सुनसरी र काठमाडौंमा गरी करिब १५ हजारको हाराहारीमा गाउँ ब्लकसम्बन्धी पूर्जा वितरण गरेको छ।

# वसन्तपुरका पुरातात्विक मापदण्ड विपरीतका संरचना हटाइयो



**काठमाडौं/मस**–विश्व सम्पदा सूचीमा सूचीकृत हनुमानढोका दरबार क्षेत्रमा संरक्षित स्थलको मापदण्ड विपरीतका संरचना हटाइएको छ।

काठमाडौं महानगरपालिकाले निर्माण गरेको कंक्रिटको संरचना हटाइएको हो।

महानगर उपप्रमुख हरिप्रभा खड्गी नेतृत्वको अनुगमन समितिले अनुगमन गरी संरचना भत्काएको हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख सन्दीप खनालले जानकारी दिए। नौतले दरबारअघि वसन्तपुर डबलीमा बनाइएको संरचना हटाउन पुरातत्व विभागले पटकपटक पत्राचार गरेको थियो। विभागको पत्राचारको महानगरले बेवास्ता गरेपछि सम्पदा बचाउ अभियानले महानगरकै अनुगमन समितिलाई गुहारेका थिए।

महानगरपालिकाले राति राति काम गरेर पुरातात्विक मापदण्ड विपरीत काम गरेको सम्पदा बचाउ अभियानकर्मी गणपतिलाल श्रेष्ठले बताए।

महानगर उपप्रमुख श्रेष्ठको नेतृत्वमा आज अनुगमन गरेपछि विभागका महानिर्देशक दामोदर गौतमको कार्यकक्षमा बसेको सरोकार भएका निकायको बैठकले मापदण्ड विपरीतका संरचना भत्काउने निर्णय गरेको थियो। निर्णयबमोजिम महानगरीय प्रहरी वृत्त जनसेवाको समेत सहभागितामा ती संरचना हटाइएको हो। संरचना हटाउन युनेस्को, जिल्ला प्रशासन कार्यालय काठमाडौंलगायतका निकायले पनि पत्राचार गरेका थिए। मापदण्ड विपरीतका संरचना निर्माणका विषयमा वसन्तपुर दरबार क्षेत्रका चारवटै वडा र महानगरपालिकाकै हनुमानढोका दरबार संरक्षण कार्यक्रमलाई जानकारी गराइएको थिएन।

# जातीय विभेद हुने गरी फेसबुकमा लेख्नेलाई दुई महिना कैद

**काठमाडौं/मस**–उच्च अदालत दिपायल, राजपुरले कैलालीको धनगढी उपमहानगरपालिकाका प्रमुख नृपबहादुर वडलाई जातीय विभेद हुने गरी सामाजिक सञ्जालमा लेख्ने एक व्यक्तिलाई दुई महिना कैद सजाय र रु २० जरिवाना सुनाएको छ।

कैलाली बोराडाडीका ओमप्रकाश पाण्डेले सामाजिक सञ्जालमार्फत जातीय विभेद हुने गरी अभिव्यक्ति दिएको भन्दै उनलाई उच्च अदालतले दुई महिना कैद र रु २० हजार जरिवाना हुने गरी सजाय सुनाएको हो।

उच्च अदालत दिपायलका कामु मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश सागर विष्टको संयुक्त इजलासले प्रतिवादीले अदालतसमक्ष गल्ती महसुस गरेको अवस्थालाई ध्यान दिँदै न्यूनतम सजाय गर्दा न्यायको मक्सद पूरा हुने हुँदा उक्त सजाय गरेको उच्च अदालत दिपायल राजपुरका सूचना अधिकारी नरबहादुर नेगीले जानकारी दिए। पाण्डेले विसं २०७७ वैशाख २७ गते आफ्नो फेसबुक पेजमामा धनगढी उपमहानगरपालिकाका प्रमुख वडालाई लक्षित गर्दै जातीय विभेद हुने गरी लेखेको विषयमा उजुरी परेको थियो। तत्कालीन समयमा पतिराम सोवसहित चार जनाले पाण्डेविरुद्ध जिल्ला प्रहरी कार्यालय कैलालीमा जाहेरी दिएका थिए।

सोही मुद्दामा कैलाली जिल्ला अदालतले विसं २०७७ मङ्सिर ३० गते प्रतिवादी पाण्डेलाई ५ रुपैयाँ जरिवाना गराएको थियो।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **साउन्ड लाइन्स रिक्रुटमेन्ट प्रा.लि. (ई.प.नं. ५७२)** को **सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं. १ मा रहेको शाखा कार्यालयको साविकको ठेगाना परिवर्तन गरी झापा जिल्ला विर्तामोड वडा नं. ४** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**साउदीमा रोजगार**

१. कम्पनी: **ENVIRONMENTAL TECHNOLOGUY MANAGEMENT COMPANY** शहर: **Al- Khobar**
पूर्व स्वीकृत मितिः २०७८/०३/०८ चलानी नं.: ६०१५९००३ LT. No.: 240913 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 1 | 0 | स. काममा दक्ष | 1700 | ५५,३६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: **ENVIRONMENTAL TECHNOLOGUY MANAGEMENT COMPANY** शहर: **Al- Khobar**
पूर्व स्वीकृत मितिः २०७८/०३/०८ चलानी नं.: ६०१५९००२ LT. No.: 240914 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ चैत ९ गते (23 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com

**PHAKPHOKTHUM RURAL MUNICIPALITY**
**Office of Rural Municipal Executive**
**Aamchok, Ilam**
**Province No. 1 Nepal**

**Invitation for e-Bids**

**Date of Publication 2078.12.02 (16 mar 2022)**

1. Phakphokthum Rural Municipality invites electronics bids from eligible bidders for the following contract works under National Competitive Bidding Procedures.

| S. N | Contract No. | Description of works | Estimated Amount | Bid Security Amount (NRs.) | Fee for bid documents (NRs.) | Last date for bid submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PRM/ILAM/ WORKS/ NCB/09/078-79 | Cnstruction of School Building | 15029508.02 | 4000000 | 3000 | 2022-04-15 12:00 Noon Hrs | 2022-04.015 14:00 PM Hrs | Single Stage Single Envelope |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-Procurements at www.bolpatra.gov.np /egp PPMO's portals specified in the bid data sheet. Bidders should deposit the equivalent fee for bidding documents in the respective Revenue Account Number ( 068010040000005 – Phakphokthum ga.pa Aantarik Rajswa Khata ) and for the bid security (dharauti ) bidders can deposit in 068010020000011 – ga 3 sthaniya tatha dharauti khata) in Sanima Bank ltd Phakphokthum Ilam . Bids shall be valid for as mention above from the last date of submission of bids.
3. For further details, Please visit our website www.phakphokthummun.gov.np or notice board of Phakphokthum Rural Municipality, office of Rural Municipal Executive.

**Chief Administrative Officer**

**Bhairabi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Bhairikalikathum,Dailekh**

**Invitation for bid for the construction of Helth Service Center Building**

**Issued Date : (2022/03/16)**

1. Bhairabi Rural Municipality invites electronic bids for Nepalese eligible bidder for the construction of below mentioned projects under NCB procedure.
2. Eligible Bidder may obtaion further information about the Bidding Document at the office of Bhairabi Rural Municipality, Bhairikalikathum or by reaching out to them at Telephone 9840725661 or by dropping a mail at bhairabirm@gmail.com or may visit ppmo office website (www.bolpatra.gov.np).

| Contract ID | Description of work | Estimated Amount (without VAT, PS & Contengency) | Bid Security Amount (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|
| BRM/NCB/WORKS/ 2078/079-15 | Construction of Helth Service Center Building | 3667013.07 | 1,30,000 | 3000 |

3. A complete set of Bidding Documents may be downloaded for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of NRS 3,000 in the Project's Rajswa (revenue) account as specified below so as to upload the scanned copy at the time of submission of bid.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Civil Bank Limited, Silangi Branch, Dailekh.**
**Name of Office: Bhairabi Rural Municipality, Bhairikalikathum, Dailekh.**
**Office Account no: 06610182906098 (ANTARIK RAJASHWA KHATA)**
**Office Account no: 06610182906047 (STHANIYA TAHA. DHARAUTI KHATA)**
4. Electronic bids must be submitted to the office of Bhairabi Rural Municipality, Bhairikalikathum, Dailekh through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon 2022/04/15. Bids received after this deadline will be rejected.
5. If the last date of purcging and or submission falls on a government holiday,then the next working day shall be considerd as the last date .in such case the valid period of the bid security shall remain the same as specifid for the original last date of bid submission.

**Chief Administrative Officer**

**मेलम्ची नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलम्ची, सिन्धुपाल्चोक**

**Invitation for Sealed Quotation**

**Date of Publication : 2078/12/01**

Melamchi Municipality Office invites sealed quotations from eligible bidders/Suppliers for the following works under National Competitives Bidding Single Stage bidding Procedures

| S.N | Name of the Project/ Contract Identification No. | Estimated amount Including Vat | Bid Security Amount NRs | Price of Bid Document NRs | Last Date of Bid Submission and time | Last Date of Bid opening and time |
|---|---|---|---|---|---|---|
| 1 | Melamchi-Fhatte-Dauchet-keureni Sadak Marmat Melamchi-08 (MMSI/WORKS/NCB/SQ/ 2078-79/05) | 9,71,298.25 | 25,000.00 | 1000.00 | 2078/12/16, 12:00 Hrs. | 2078/12/16, 13:00 Hrs |
| 2 | Melamchi Nagar Hospital Prefab Emergency Room Construction(MMSI/WORKS/ NCB/SQ/2078-79/06) | 19,46,516.50 | 50,000.00 | 1000.00 | 2078/12/16, 12:00 Hrs. | 2078/12/16, 13:00 Hrs |

Eligible Bidders may obtain further information from the Office of the Municipal Executive,Melamchi Municipality, Melamchi Sindhupalchok, Telephone: 011- 401089,Email: dms.melamchimun@gmail.com, or may visit PPMO e-GP System web portal **www.bolpatra.gov.np/egp.**

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२ चैत २०७८, बुधबार
16 March 2022, Wednesday

सम्पादकीय

## जनप्रतिनिधिको समीक्षा

स्थानीय तहको निर्वाचन नजिकिएसँगै राजनीतिक दलहरूले तयारी अगाडि बढाएका छन् । आगामी वैशाख ३० गते एकसाथ ७५३ स्थानीय तहको निर्वाचन हुँदैछ । निर्वाचनका लागि दल दर्ता, मतदाता नामावली अद्यावधिक लगायत कामलाई निर्वाचन आयोगले तीव्रता दिएको छ । आयोगको तयारीसँगै दलहरूले पनि निर्वाचन केन्द्रीत गतिविधि अगाडि बढाएका छन् । प्रमुख विपक्ष दल नेकपा एमालेले स्थानीय तहको निर्वाचनमा उम्मेद्वारको मापदण्ड नै बनाउने भएको छ । तर उम्मेद्वार चयनको अधिकार बाँडफाँड भने गरेको छ । वडाध्यक्ष र वडा सदस्यको उम्मेद्वार जिल्ला कमिटीले टुंग्याउने भएको छ । नगरपालिका र गाउँपालिका प्रमुख/उपप्रमुखको उम्मेद्वार उम्मेद्वार जिल्ला कमिटीको सिफारिसमा प्रदेश कमिटीले टुंग्याउने भएको छ । महानगरपालिका र उपमहानगरपालिकाको पदाधिकारीका उम्मेद्वार भने पार्टी केन्द्रले नै टुंग्याउने भएको छ ।

एमालेसँगै अन्य दलहरूले पनि स्थानीय तहको चुनाव केन्द्रीत गतिविधि अगाडि बढाएका छन् । तर एमाले जस्तो सजिलो निर्णय गर्न सत्ता गठबन्धनमा आवद्ध दलहरूले सकिरहेका छैनन् । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) ले गठबन्धन जोगाएरै स्थानीय तहको चुनावमा भाग लिनेबारे प्रष्ट निर्णय लिन सकेका छैनन् । गठबन्धनका दलहरूबीच साझा उम्मेद्वार चयन गरेर प्रतिशपर्धा गर्न सजिलो नहुनुले पनि प्रष्ट निर्णय लिन सकेका छैनन् । गठबन्धनमा आवद्ध साना दलहरूले पनि आन्तरिक तयारीलाई तीव्रता दिएको छ । चुनाव केन्द्रीत गतिविधिमा जोड दिएको छ ।

सरकार, आयोग र दलहरूले स्थानीय तहको चुनावको तयारी अगाडि बढाएका बेला आमजनताको मनोविज्ञान तयार हुनु आवश्यक छ । किनकि उम्मेद्वार अनुमोदनको अधिकार मतदातामा निहीत छ । मतदाताको निष्कृयता वा विवेकले भोलि जनप्रतिनिधि कस्तो चयन हुन्छ भन्ने निर्धारण हुनेछ । अर्थात् पाँच वर्ष पहिले निर्वाचित जनप्रतिनिधिको समीक्षा गर्ने बेला समेत हो, अहिले । मतदाताले अहिलेका जनप्रतिनिधिहरूको निर्मम समीक्षा हुँदा नै आउने चुनावपछि चयन हुने जनप्रतिनिधि चयनमा समेत असर पर्नेछ । गाउँको सरकार भनिने जनप्रतिनिधि मतदाताप्रति उत्तरदायी र जवाफदेही बनाउन बाध्य पार्ने बेला पनि हो अहिले । त्यसैले मतदाताहरूले पनि आउने निर्वाचनबाट आफ्नो जनप्रतिनिधि कस्ता व्यक्ति चयन गर्ने भनेर तयारी गर्न आवश्यक छ ।


# अराजकता र राजनीतिक नेतृत्व

**राजनीति गर्नेहरू इमान्दार भइदिने हो भने समाजको सकारात्मक रूपान्तरण सम्भव हुने थियो । तर, राजनीति कमाऊ धन्दा हुन पुगेकोले समाज होस् वा राष्ट्र सर्वत्र ढोंगी र दलालहरूको हालिमुहालि कायम छ ।**

अग्रलेख



● कृष्ण बेलबासे



नेपाली समाज यतिबेला अराजकता, अनियमितता र अस्तव्यस्तताको चरम अवस्थाबाट गुज्रिरहेको छ । यहाँ कानून, नियम, मूल्य र मान्यताको पालना हुँदैन । उल्लंघन मात्र भइरहन्छ । समाजमा जसले ती मापदण्डहरूको पालना गर्न खोज्छ वा गर्नुपर्छ भन्छ, ऊ कमजोर र उपायहिन मानिने अनि जसले तिनको उल्लंघन गर्छ ऊ योग्य, सक्षम र शक्तिशाली मानिने गर्दछ । जसलाई बल पुऱ्याउनेहरूमा राजनीतिकर्मी, प्रशासक, न्यायकर्मी र सुरक्षाकर्मीहरू सम्म पर्दछन् । यसो भन्नुको तात्पर्य ती बाहेकका व्यक्तिहरू चोखा र नियमको पालक हुन् भन्न खोजिएको होइन । कुरो के मात्र हो भने उक्त कार्यमा तिनको प्रमुख भूमिका रहने गर्दछ । ती बाहेक सर्वसाधारणहरूको व्यवहारसमेत कानून, नियम र मर्यादाको पालना गर्ने खालको रहेको पाइँदैन । देशमा कानूनका निर्माता कहलिएका विधायकहरू, कानूनको कार्यान्वयनकर्ता मानिएका कार्यकारी निकायका सदस्यहरू र कानूनको व्याख्याता एवं न्यायकर्ता मानिएका न्यायपालिकाका सदस्यहरू खुल्ला र निर्लज्जरूपमा कानूनको उल्लंघन गर्दै कानूनी व्यवस्थालाई कमजोर तुल्याउन लागिपरेका छन् । हुनतः नेपालमा प्राचीनकालदेखि नै ‘ठूलालाई चैन, सानालाई ऐन’ भन्ने उखान प्रचलनमा रहेको पाइन्छ । यसको तात्पर्य समाजको माथिल्लो तहमा रहेका व्यक्तिहरूलाई कानून अनुरूप व्यवहार गर्नु नपर्ने, तर समाजको तल्लो तहमा रहेका र कमजोर व्यक्तिहरूले भने कानूनको पालना गर्नैपर्ने भन्ने हो । निश्चय पनि समाजमा यस किसिमको प्रचलन निकै पहिलेदेखि कायम रहेको छ । तर, देशमा भएका पटक-पटकका राजनीतिक परिवर्तनहरूले राजनीतिक स्वतन्त्रताका नाउँमा प्रवर्द्धन गरेका छाडा व्यवहारहरूका कारण यतिबेला प्राचीन मान्यताले समेत स्थान पाउन छाडेको छ । जो कसैले कानूनको पालना नगर्दा हुन्छ भन्ने मान्यताले बल प्राप्त गरेको छ । परिणामतः सामान्य अनुशासनात्मक कुराहरूको समेत पालना हुन छाडेको छ । समाज बलको आधारमा शासित हुने गरेको छ ।

